नेपाली वेभ
Nepali Wave Magazine
मासिक पत्रिका



# भारतीय वरिष्ठ आध्यात्मिक जीवन गुरु रचना जैनको पुस्तक लन्डनमा विमोचन



लन्डन ।




गत १८ अप्रिल शनिवार लन्डन साउथहलस्थित दि सेन्टर ब्यांक्यूटिङ हलमा भारतीय वरिष्ठ आध्यात्मिक जीवन गुरु रचना जैनको नयां पुस्तक अवेक योर ड्रिम्स्, स्टप प्रोक्रेस्टिनेटिङ स्टार्ट अचिभिङ विमोचन भएको छ । उक्त पुस्तक अनलाईन सपिंग अमेजनमा बाट पनि किन्न सकिनुको, साथै पुस्तक को मुल्य २४ पाउण्ड ९९ पेन्स् रहेको छ । पुस्तक सार्वजनिकीकरण समारोहमा पूर्व सांसद एवं आसन्न निर्वाचनका पुनः उम्मेदवार वीरेन्द्र शर्मा, डा. चन्दोक जिपी, डा. राजेश परमार, आध्याम्मिक नेता डेन सावी, डा. ओन्कार साहोता जस्ता प्रभावशाली व्यक्तित्व तथा बुद्धिजिबीहरूको ठूलो मात्रामा उपस्थिति थियो । पुस्तककी लेखिका भारतीय नागरिक रचना जैनले नयां कृतिबाट आफू ज्यादै उत्साहित भएको जनाउंदै यस पुस्तक पढ्ने पाठकले आफ्नो जीवनमा लागु हुने व्यवहारिक कुराहरू रहेको र उक्त ज्ञान जीवनमा लागू गर्न सके लाभान्वित हुने बताइन् । सो पुस्तक विद्यार्थी, व्यवसायी, अभिभावक र जो विलम्बमा अलमलिनबाट छुट्कारा चाहन्छ उसलाई उपयोगी हुने बताइएको छ । मानिसको वास्तविकतामा आधारित जीवनपयोगी उक्त पुस्तकमा कुल एकसय आठ पृष्ठ छन् । धेरै जसो मानिसहरुको बानी आलटाल प्रवृत्तिको हुन्छ यस्तो बानीलाई उजागर गर्ने र उक्त पुस्तकले त्यो समस्याको समाधान पनि गर्न सक्ने विश्लेषकहरुको जिगिर छ । त्यस पुस्तकबाट आएको ५ प्रतिशत रकम गिभ इन्डिया नामक च्यारिटीलाई जाने श्रोतले जनाएका छन् ।